(दफा ४ तथा अनुसूची १ को भाग २ संग सम्बन्धित)

# स्थानीय राजपत्र


उदयपुरगढी गाउँपालिकाद्वारा प्रकाशित

भाग - २ खण्ड - ७ संख्या - १४


## मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा/भेडा/बंगुर/पाडा) तथा माछा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०


उदयपुरगढी, फाल्गुन १७ गते, २०८० साल


उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या १५ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ण) को १ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाँउकार्यपालिकाले मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा/भेडा/बंगुर/पाडा) तथा माछा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८० जारी गरिएको छ।


CamScanner

# मासु प्रवर्द्धन कार्यक्रम (बाखा/भेडा/बंगुर/पाडा) तथा माछा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८०

**प्रस्तावना**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या १५ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ण) को १ ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाँउकार्यपालिकाले मासु प्रवर्द्धन कार्यक्रम (बाखा/भेडा/बंगुर/पाडा) तथा माछा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८० जारी गरिएको छ ।

**पृष्ठभूमि**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधी, २०८० को परिच्छेद ४ को दफा ११.२ को २ (ङ) र ७ लाई आधार लिई उदयपुरगढी गाँउपालीका क्षेत्र भित्रका बाखा/भेडा/बंगुर/पाडा पालन तथा माछा पालन उत्पादन गर्दै आएका कृषकहरूलाई तिनिहरूको आर्थिक स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा वृद्धि तथा आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गर्न बान्छनिय भएकोले उदयपुरगढी गाँउ कार्यपालिका ले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

**(१) प्रारम्भ**

**(क) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम मासु प्रवर्द्धन कार्यक्रम (बाखा/भेडा/बंगुर/पाडा) तथा माछा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**(२) परिभाषा**

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम संचालन हुने पशुपंक्षी विकास कार्यक्रम सम्झनु पर्छ ।

(ख) "कार्यालय "भन्नाले उदयपुरगढी गाँउपालीका,गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय समेतलाई जनाउछ ।

(ग) "पशुपंक्षी विकास शाखा" भन्नाले उदयपुरगढी गाँउपालिका अन्तरगत रहेको पशुपंक्षी विकास शाखा सम्झनु पर्दछ ।

चित्र प्रसाद गुरुगाई
प्रमुख प्रशासकिय अधिकृत

(३) कार्यक्रमका क्षेत्र देहाय बमोजिम हुनेछ :

(क) बाख्रा/भेडा/बंगुर/पाडा पालन तथा माछा पालन

(४) कार्यक्रम संचालन हुने क्षेत्रहरू

उदयपुरगढी गाँउपालीकाका क्षेत्र भित्रका सम्भावना भएका वडाहरु ।

(५) उद्धेश्य

- मासु तथा माछा उत्पादन गरी रोजगारीको सृजना गर्ने।
- मासु तथा माछा उत्पादनमा गाउँपालिका लाई आत्मनिर्भर बनाउने ।
- कृषक लाई व्यवसायीक बनाई आर्थिक रुपमा सवल बनाउने।

(६) अनुदान सीमा

कृषक लागत सहभागिता ५० प्रतिशत हुनेछ।

(७) अनुदानका शर्तहरु

| मासु प्रवर्द्धन (बाख्रा/भेडा/बंगुर/पाडा) | माछा प्रवर्द्धन |
|---|---|
| क. फर्ममा मौजुदा कम्तिमा १० वटा माउ बाख्रा/ १० वटा माउ भेडा/ ५ वटा माउ भैसी तथा पाडापाडी तथा ५ वटा माउ बंगुर भएको हुनुपर्ने र थप गर्न ईच्छक हुनुपर्ने ।<br>ख. फर्म भएको जग्गाको जग्गाधनि पुर्जा वा जग्गा स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)<br>ग. कृषि तथा पशुपन्छी विमा गरेको कृषक लाई प्राथमिकता दिईनेछ । | क.माछा पोखरी निर्माण हुने वा क्षेत्र विस्तार हुने जग्गाको जग्गाधनि पुर्जा वा जग्गा स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)<br>ख. कम्तिमा १ कठ्ठा क्षेत्रफलमा नायाँ पोखरी निर्माण वा क्षेत्र विस्तार हुनुपर्ने । |

(८) बिधि

(क) अनुसूची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन ।

(ख) पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०को अनुसूची-२ र ३ अनुसारका कार्ययोजना र निवेदन ।

(ग) फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट ।

(घ) अनुसूची- ६ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता ।

(९) आवश्यक कागजातहरुको सूची

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकिय अधिकृत

- इच्छुक कृषक/ समूह/ समिति/ सहकारी/ फार्महरुले पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०को अनुसूची-२ र ३अनुसारका कार्ययोजना र निवेदन ।
- निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
- आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि ।
- सम्बन्धित वडा कार्यालयबाट दोहोरो सुविधा नलिएको वा नहुने बारेको सिफारिस पत्र ।
- स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।
- कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली ।
- यसै प्रकृतिको कार्यका लागि विगत दुई वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।
- पशुहरुको विमा लेख जारी भएको विमा लेखको प्रतिलिपि ।

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -१

(परिच्छेद ३ को दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

प्रस्ताव आव्हानको सूचना प्रथम पटक प्रकाशन मितिः-..............................

यस कार्यालयको आ.व ............... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम देहायका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक कृषक/ समूह/ समिति/ सहकारी/फार्महरुले यो सूचना प्रकाशित भएको मितिले ........ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नहुन आह्वान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागू हुने क्षेत्र | अनुदानका शर्तहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**नोटः** आवेदकहरुले निवेदन र संक्षिप्त कार्य-योजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाइट www.udaypurgadhimum.gov.np बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

चित्र प्रसाद गुरुगाई
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२

(परिच्छेद ३ को दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

संक्षिप्त कार्य-योजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति | |

२. हाल व्यवसायिक संलग्नता

| | |
|---|---|
| हाल संलग्न व्यवसायको नाम | |
| सञ्चालित क्रियाकलाप | |

| क्र.सं. | हाल सञ्चालित क्रियाकलाप |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

मुख्य उत्पादन र कारोवार विवरण

| हाल उत्पादन गर्ने गरिएका बस्तुहरु | बार्षिक परिमाण | कारोबार रकम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | |
|---|---|
| व्यावसायबाट सिर्जना रोजगारी संख्या | |

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्तावित व्यावसायको विवरण

| | |
|---|---|
| सञ्चाल गरिने व्यावसाय | |

सञ्चालन गरिने क्रियाकलापहरु

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

लागत साझेदारी विवरण

| आवेदकले व्यहोर्ने रकम रु. | अनुदान रकम रु. | जम्मा |
|---|---|---|
| | | |

४. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.
ख.
ग.

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(परिच्छेद ३ को दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

निवेदनको ढाँचा

मिति : २०........................

श्री प्रमुख ज्यू,
उदयपुरगढी गाउँपालिका,
उदयपुर, कोशी प्रदेश ।

**<u>विषयः प्रस्ताव पेश गरिएको बारे ।</u>**

तहाँ कार्यालयको मिति ........................................ गतेको सूचना अनुसार ........................................................................... कार्यक्रम सञ्चालन गर्न इच्छुक भई प्रस्ताविक कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सञ्चालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

<u>निवेदकको</u>

नामः................................

दस्तखतः..........................

प्रस्तावकको नाम र थरः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन हुने स्थानः उ.गा.पा.वडा नं.......,................

संलग्न कागजातहरुको सूची

| क.सं. | संलग्न कागजातहरुको विवरण |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| ६. | |
| ७. | |

चित्र प्रसाद गुरागाईं
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची -६

(परिच्छेद ३ को दफा ८ को उपदफा (७) सँग सम्बन्धित ।

द्विपक्षीय सम्झौता

आर्थिक वर्ष २०८०।०८१ को सशर्त विनियोजन मार्फत प्राप्त ............................................................कार्यक्रम सञ्चालन गर्न श्री उदयपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री........................................................................ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरू परिपालन गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

तपसिल

१. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रम सञ्चालनका लागि रु-.............................................. अक्षरुपी रुपैयाँ मात्र (नियमानुसारको कर कट्टा गरी) दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले उदयपुर जिल्ला उदयपुरगढी गा.पा. ............ नं.वडाको.................................... स्थानमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३ दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्य-योजना मुताविकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जरगाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५ दोस्रो पक्षले नियमानुसारको बिल, भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे दोस्रो पक्षको बैङ्क खाता मार्फत बढीमा दुई किस्ता वा कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने सम्पूर्ण कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. दोस्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ ।

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

९. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नुपर्नेछ ।

१०. कार्यकम सञ्चालनको दौरान कुनै कुरा परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१०. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न सक्नेछ ।

११. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर: हस्ताक्षर: | |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्थाको नाम: | संस्थाको नाम: |
| संस्थाको छाप: | संस्थाको छाप: |

रोहवर

| | |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |

इति सम्वत..........................साल...............................महिना.......................गते रोज...............शुभम् ।

आज्ञाले

.........

(प्रमुख प्रशासकीय अधिकृत)

चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकिय अधिकृत

CamScanner